मैवाखोला गाउँपालिका

# मेवाखोला राजपत्र

## मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड (३) साँघु, ताप्लेजुङ, श्रावण महिना ०४ गते २०८१ साल (संख्या ३ )**

## भाग-२

**मैवाखोला गाउँ कार्यपालिकाबाट जारी स्थानीय सेवाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत भई सर्वसाधारणको जानकारीका लागि मैवाखोला राजपत्रमा प्रकाशन गरिएको छ ।**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०३/२८**

**१. प्रस्तावना**

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छानीय भएकोले ,

२०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी मैवाखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"स्थानीय सेवाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१** हुनेछ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि मैवाखोला गाउँपालिकामा लागु हुनेछ ।

**३. परिभाषा**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ ।

ख) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकका स्थानीय निकाय, विकास समिति, संघीय निजामती सेवाबाट मैवाखोला गाउँपालिकामा समायोजन भएका र संघीय तथा प्रदेश लोकसेवा आयोगबाट मैवाखोला गाउँपालिकाको लागि सिफारिस भई आएका सबै प्रकारका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले मैवाखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिका सम्झनु पर्दछ।

ङ) "गाउँ कार्यपालिका" मैवाखोला गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

च) "तहवृद्धि" भन्नाले ऐन बमोजिम हुने तह वृद्धिलाई सम्झनु पर्दछ।

छ) "प्रदेश किताबखाना" भन्नाले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालय अन्तर्गतको शाखा सम्झनु पर्छ ।

ज) "प्रदेश लोक सेवा आयोग " भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग विराटनगरलाई सम्झनु पर्दछ ।

झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १०९ बमोजिम अधिकृतलाई जनाउँछ ।

ञ) "मन्त्रालय" मन्त्रालय भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

ट)“समायोजन ऐन” भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

४. **सूचना प्रकाशन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम तहवृद्धिका लागि प्रत्येक वर्षको ज्येष्ठ महिना र मंसीर महिनाको १५ गते तहवृद्धिका लागि सम्भाव्य उम्मेदवारहरुको जानकारीका लागि ३० (तीस) दिनको म्याद दिई दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) तहवृद्धिका लागि उपदफा १ बमोजिम सूचनामा तोकिएको मितिभित्र दरखास्त दिने उम्मेदवारहरुले दरखास्त सहित पछिल्लो ३ वर्षको कार्य सम्पादन मूल्याङ्कन र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम न्यूनतम शैक्षिक योग्यता हासिल गरेको शैक्षिक प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु सम्लग्न गर्नु पर्नेछ ।

५. **निवेदन दिनु पर्नेः** - (१) दफा ४ अनुसार सूचना प्रकाशन भए पछि उम्मेद्वारले देहायका कागजातहरु समावेश गर्नुपर्नेः

क) अनुसूची-१ बमोजिम लेखिएको सक्कल निवेदन,

ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

च) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तहवृद्धि सिफारिस समितिले मागेको अन्य कागजातहरु ।

६. **सिफारिस समिति गठन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २७ को उपदफा ४ बमोजिमको देहाय अनुसारको तहवृद्धि सिफारिस समिति रहने छ ।

**देहाय**

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँपालिकाका बरिष्ठ कर्मचारी मध्ये एक जना महिला सहित गाउँ कार्यपालिकाले तोकेको २ जना कर्मचारी - सदस्य

मेरीडाङ्गा गाउँपालिका

(२) उपदफा १ बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्य गर्ने गरी गाउँपालिकाको प्रशासन शाखाले काम गर्नेछ।

(३) सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुविधा उत्पन्न भएमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

**७. आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि सम्बन्धी व्यवस्थाः**

(१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौंबाट दशौं तहमा तहवृद्धि गर्दा तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा भई पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यता आवश्यक्ता पर्ने छैन । तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

**८. तहवृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तह कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ । एक स्थानीय स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तहवृद्धि हुने व्यवस्था हुनेछ ।

२) सहायक चौथो र पाँचौं तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पूरा भएमा स्वतः एक तह वृद्धि हुनेछ।निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ।

३) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ ।

९. **तह वृद्धि गर्नु पर्ने:** (१) यस कार्यविधि बमोजिम तह वृद्धिका लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिम समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरी सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ (३) बमोजिम कार्यपालिकाले निर्णय गरी नियमानुसार तहवृद्धिको पत्र दिनु पर्नेछ।

(२) यस कार्यविधि अनुरुप तह वृद्धि भएका कर्मचारीलाई अनुसूची-२ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ ।

१०. **ज्येष्ठता कायम हुने:**

(१) यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारीको ज्येष्ठता हरेक वर्षको श्रावण १ गते र माघ १ गते बाट ज्येष्ठता कायम हुनेछ ।

११. **तहवृद्धि गर्न नहुने सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ६ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गर्न पाइने छैनः

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो अवधिभर,

(घ) सेवा समूह परिवर्तन गरेको भए सो भएको ३ वर्ष पूरा नभएको,

(ङ) असाधारण वा अध्ययन विदामा बसेको भए सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा कानुन बमोजिम गठन भएको व्यावसायिक परिषद्मा नाम दर्ता नभएको वा नवीकरण नगरेको वा निलम्बनमा रहेको भए सो अवधिभर ।

१२. **तह वृद्धि भएका कार्मचारीको सेवा, सुविधाः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१३. **सार्वजनिक गर्ने:** यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीहरुको विवरण कार्यालयले आफ्नो सुचना पाँटी र वेवसाइट मार्फत सार्वजनिक गर्नेछ।

१४. **जानकारी दिनु पर्ने सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालय, प्रदेश कितावखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१५. **बाधा अडकाउ फुकाउने सम्बन्धी व्यवस्थाः** (१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिलाई हुनेछ।

१६. **उजुरी/गुनासो सम्बन्धी व्यवस्थाः** (१) यो कार्यविधि बमोजिम तहवृद्धिको निर्णय उपर चित्त नबुझे तहवृद्धिको निर्णय भएको मितिले २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ

१७. **प्रचलित कानुन बमोजिम हुने व्यवस्थाः** (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **खारेजी र बचाउः** (१) देहायको कार्यविधि खारेज गरिएको छः

(क) मैवाखोला गाउँपालिकाको स्थानीय सेवा तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०

(२) उपदफा (१) मा उल्लेखित कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

मैवाखोला गाउँपालिका

अनुसूची- १

कार्यविधिको दफा ४ को उपदफा १ सँग सम्बन्धित

मितिः ...............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

मैवाखोला गाउँपालिका कार्यालय, साँघु ताप्लेजुङ ।

विषयः- **तहवृद्धि सम्बन्धमा** ।

प्रस्तुत विषयमा मैवाखोला गाउँपालिकाको तह वृद्धि सम्बन्धी मिति.................................. मा प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु । तह वृद्धिका लागि आवश्यक पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारम...................................... कार्यालयमा बुझाइसकेको छु ।

क) नियुक्ति पत्रको प्रतिलिपि ।

ख) समायोजन पत्रको प्रतिलिपि ।

ग) बढुवा/स्तर वृद्धि/तह वृद्धि भएको पत्रको प्रतिलिपि ।

घ) कार्यालयको सिफारिस पत्र ।

| **हाल कार्यरत विवरण** | **तहवृद्धि हुने विवरण** |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समूह/उपसमूह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समूह/उपसमूह-<br>कार्यालय- |

माथि उल्लेख सबै व्यहोरा ठीक साँचो हो, झुटा ठहरे कानून बमोजिम सहुँला बुझौउँला ।

निवेदक

कर्मचारीको नाम/थरः- ............................................

संकेत नं.ः- ..............................................

समायोजन मितिः- ........................................

हालको पद र तहः- ........................................

समूहः- ............................................................

मैवाखोला गाउँपालिका

**अनुसूची -२**

कार्यविधिको दफा ९ उपदफा २ सँग सम्बन्धित
(कार्यालयको लेटर हेड)

मिति-.........................

विषय- तहवृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (३), तथा मैवाखोला गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा ९ बमोजिम तपाईंलाई यस कार्यालयको मिति ............. को निर्णय अनुसार मिति ......................देखि ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहवृद्धि गरिएको छ ।

तहवृद्धि हुनु भएकोमा बधाई छ ।

| **हालको विवरण** | **तहवृद्धि भएको विवरण** |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समूह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समूह -<br>कार्यालय- |

श्री ......................................
संकेत नं..................................

.............................
प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ-</u>
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगर नेपाल ।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश विराटनगर नेपाल ।
श्री कर्मचारी सञ्चयकोष, विराटनगर।
श्री नागिक लगानी कोष, विराटनगर।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ताप्लेजुङ ।
श्री आर्थिक प्रशासन शाखा, मैवाखोला गाउँपालिका ताप्लेजुङ ।



मैवाखोला गाउँपालिका